135197

"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

## स्याङ्जाको विरुवा र अर्जुनचौपारीमा गरिमा विकास बैंक लिमिटेडका नयाँ शाखा कार्यालयहरु सञ्चालनमा आएको सन्दर्भमा प्रकाशित प्रेस विज्ञप्ती

ग्रामिण भेग देखि शहरी क्षेत्रसम्म सरल, सुरक्षित एवं गुणस्तरीय बैकिङ् सेवा प्रवाह गर्दै आईरहेको यस गरिमा विकास बैंक लिमिटेडले मिति २०८२ वैशाख ३१ गते बुधबारका दिन स्याङ्जा जिल्लाको विरुवा र अर्जुनचौपारीमा २ नयाँ शाखा कार्यालयहरु संचालनमाा ल्याएको छ ।

विरुवा शाखाको समुद्घाटन विरुवा गाउँपालीका अध्यक्ष श्री सूर्य बहादुर कुँवर र यस विकास बैंकका अध्यक्ष श्री दिलिप प्रताप खाँडज्यूले संयुक्त रुपमा गर्नुभएको हो । त्यसैगरी, अर्जुनचौपारी शाखाको समुद्घाटन अर्जुनचौपारी गाउँपालिका उपाध्यक्ष श्री सपना गुरुङ र यस विकास बैंकका अध्यक्ष श्री दिलिप प्रताप खाँडज्यूले संयुक्त रुपमा गर्नुभएको हो । समुद्घाटन कार्यक्रमहरुमा गाउँपालिका प्रतिनिधिहरु, उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, स्थानीय व्यापारी, बुद्धिजिवी लगायत सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

सञ्चालनमा आएका नयाँ शाखा कार्यालयहरुबाट उक्त क्षेत्रका स्थानीय बासिन्दा, व्यवसायिक फर्म/कम्पनी तथा अन्य संघसंस्थाहरुलाई उत्कृष्ट सेवा प्रवाहमा विकास बैंक प्रतिबद्ध रहेको र उक्त क्षेत्रको समग्र आर्थिक विकासमा विकास बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास विकास बैंकले लिएको छ ।

हाल, गरिमा विकास बैंक लिमिटेडले देशभर १२५ शाखा कार्यालय, १ एक्स्टेन्सन कार्यालय र ५० एटिएम मेसिन मार्फत करिब ९ लाख ग्राहकहरुलाई बैकिङ् सेवा प्रवाह गर्दै आईरहेको छ ।

भवदिय,

आधिकारिक हस्ताक्षर

मिति: २०८२/०१/३१

Head Office: Kathmandu-2, Lazimpat, Ph.: 01-4545434/35/36/37/38/39, Toll Free No.: 16600145444, Call Center No. 015970179